अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्ष: ९८५१०७१४२०
उपाध्यक्ष: ९८४८१५७२१८
प्र.प्र.अ.:९८४८३८५३३३
Email: ito.adanchuliman@gmail.com
Website: www.adanchuliman.gov.np
Web-mail: info@adanchuliman.gov.np

मितिः २०८०-०२-०९

# अदानचुली गाउँपालिका अध्यक्षको एक वर्षे कार्यकालको अनुभव, चुनौति र भावि योजनाहरु

मेरा प्रिय मतदाता तथा शुभचिन्तक र सम्पूर्ण अदानचुली गाउँपालिकाका जनसमुदायहरु,
हाम्रो देशको शासन व्यवस्था संघियता कार्यान्वयनको दोश्रो निर्वाचन २०७९ बैशाख ३० मा निर्वाचन भई आज जेष्ठ ९ गते पदभार ग्रहण गरेको एक वर्ष पुरा हुदै गर्दा मलाई अमूल्य भोट दिनु हुने सम्पूर्ण मतदाता, आमा-बुवा, दाजु-भाई, शुभचिन्तक, आफन्तजन, राजनैतिक दल, राष्ट्र सेवक कर्मचारी, सुरक्षा निकाय, संचारकर्मी, उद्योगी व्यवसायी सबै महानुभावहरुलाई म मेरो व्यक्तिगत तर्फबाट र अदानचुली गाउँपालिका अध्यक्षको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु । यो मेरो एक बर्षे कार्यकालमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्ने राजनैतिक दल, आम जनाता, टोल विकास समिति, उपभोक्ता समुह, सहकारी, उद्योगी व्यवसायी, सुरक्षा निकाय, संचारकर्मी, संघ-संस्था, हाम्रा पालिकाका उपाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु , प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख लगाएकत सम्पुर्ण राष्ट्र सेवक कर्मचारी, शिक्षक गुरुवर्ग हरुले मलाई दिएको रचनात्मक सल्लाह सुझाव सहयोग प्रति संधै ऋणी हुनेछु र आगामी दिनहरुमा पनि यस्तै सहयोग सल्लाहको अपेक्षा राख्दछु ।

आज जनप्रतिनिधीहरुको एक वर्ष पुरा भएको उपलक्ष्यमा वार्षिक उपलब्धी र भावि योजनाको विवरण प्रस्तुत गर्दै यस पालिकाको विविध कारणबस असहज परिस्थिति पैदा भई समयमा जनताका जनचाहना, आशा, अपेक्षा तथा कार्यालयबाट नियमित हुने कार्यहरुमा ढिला सुस्ति भएकोमा म क्षमा प्रासि छु। मैले गरेका एक वर्ष का उपलब्धिमूलक कार्यहरु म समय मिलाएर गाउँ समुदायमा प्रष्ट पार्ने नै छु। म प्रतिका गुनासा तथा प्रश्नहरु भए उपयुक्त समयमा म जफाव दिने बाचा गर्दछु र आगामी दिनमा मेरो शुसासन, पारदर्शिता, शिक्षा, स्वास्थ्य र रोजगारी मूख्य मेरुदण्डको रुपमा राखी सबै खाले सरोकारवाला निकायहरुको सहकार्य मा अघि बढ्ने प्रतिवद्धता सहित पुनः एक पटक सबैलाई हार्दिक आभार व्यक्त गर्दछु ।

मोहन विक्रम सिंह
अध्यक्ष

## अध्यक्षका १२ काम - १२ भावि योजनाहरु

### पदभार ग्रहण गरेको एक वर्ष अवधिका कामहरु:

१) गाउँपालिकाको आफ्नै एम्बुलेन्स सेवा संचालन।

२) सम्पुर्ण आर्थिक कारोबार विद्युतीय भुक्तानी प्रणाली (**EFT**) मार्फत सुचारु।

३) पालिका का सम्पुर्ण वडामा सडक सञ्जाल मा जोडिएको छ। वडा नं. ०६ मा सडक विस्तार सुरु।

४) **4-G Network Tower** योजना सुरु।

५) कौँखे प्रा. वि., कल्खे जनकल्याण विद्यालय निर्माण का लागि बजेट व्यवस्थापन। कैलाशपुरी मा. वि., सल्लाघारी मा. वि. र हिमालचुली नि. मा. वि. मा अनुदान कोटाको व्यवस्था। कैलाशपुरी मा. वि. विद्यालय लाई भारतीय दुतावास बाट **RCC** भवन निर्माण योजनाको पहल।

६) World Bank को आर्थिक सहयोग अन्तर्गत अदानचुली गाउँपालिकाको गल्फागाड देखि ठाँडाकाट्ना सम्म १४.२ कि. मि. पक्कि सडक निर्माण योजना सुचारु।

७) गाउँपालिका अन्तर्गतका लौठी कालागाड ४ कि. मि., पाम्स कौँखे हुदै बारिगाउँ कालागाड सम्म ५ कि. मि. ग्रामिण सडक, लौठी हुदै रिल्म विगोठी सडक निर्माण कार्यमा तिव्रता।

८) अदानचुली गाउँपालिका का वडाहरु: १, २ र ३ भित्र एक घर एक खानेपानी धारा अवधारणा अनुसार श्रीनगर वृहत खानेपानी आयोजना लाई बजेट व्यवस्थापन र आयोजना सुचारु।

९) गाउँपालिका अन्तर्गत आम जनसमुदायहरुलाई प्रत्यक्ष लाभ पुर्याउने खालका कार्यक्रमहरु सञ्चालन।

१०) **WASH Programme** अन्तर्गत खानेपानी सरसफाई तथा स्वच्छता योजनाको गुरु योजना तयार।

११) संघ, प्रदेश र स्थानीय तहको सहकार्य, सह-अस्तित्व, समन्वयकारी भुमिका अन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न प्रयोग गरेको छु।

१२) महिला, दलित, अपांग, विपन्न वर्ग लक्षित कार्यक्रमहरुमा बजेट व्यवस्थापन र विकासका पुर्वाधारहरुलाई विशेष प्राथमिकता दिएको छु।

मोहन विक्रम सिंह
अध्यक्ष

## अबको दोस्रो वर्ष का योजनाहरु:

१) गाउँपालिकाको आफ्नै प्रशासनिक भवन निर्माण योजनाको सुचारु गर्ने।

२) वर्ल्ड बैंकको परियोजना अन्तर्गत का विभिन्न कार्यक्रमहरु थालनी गर्ने।

३) सबै वडाहरुको ग्रामिण सडकमा पहुँच सुनिश्चितता गर्ने।

४) १५-शैया अस्पतालको निर्माण कार्यमा जोड दिने।

५) विद्युतीय भुक्तानी प्रणाली र इन्टरनेट सेवालाई थप सुधार गर्ने।

६) कुकुरफाल्ना लघु जलविद्युत आयोजना र छहराखेत लघु जलविद्युत आयोजना मा थप सुधार गरी प्रत्येक वडामा विद्युतमा पहुँचको अवधारणा पुर्याउने।

७) विकासका पुर्वाधारहरु स्वास्थ्य, शिक्षा, खानेपानी, सडक, कृषि र विद्युतमा विशेष प्राथमिकता दिईनेछ।

८) स्थानीय तहको आफ्नै रोजगारी रणनीति तर्जुमा गरी पालिका भित्रका सम्पुर्ण बेरोजगार हरुलाई समान र सम्मानजनक रोजगारीका अवसरहरु प्रदान गरिनेछ।

९) जनताप्रति उत्तरदायी कर्मचारी व्यवस्थापन र सेवा प्रवाहमा सुशासन कायम गरिनेछ।

१०) भ्रष्टाचार निवारण सम्बन्धि विशेष जोड दिइनेछ।

११) आगामी बजेटमा प्रत्यक्ष लाभ पुग्ने खालका आय आर्जन का विभिन्न कार्यक्रमहरु समिटिनेछ ।

१२) अदानचुलीको स्थानीय उत्पादनलाई बजारीकरण गरिने पहल भइसकेको हुदाँ सो कार्यलाई थप पहल गर्न प्रयास गरिनेछ।

अन्त्यमा,

अदानचुली गाउँपालिका भित्रका सम्पूर्ण जनसमुदायहरुको मनोभावना अनुरुप काम गर्न सहयोग गर्नुहुने राजनितिक दल, शिक्षक, कर्मचारी मित्र, पत्रकार वन्धु, सुरक्षा निकाय र सर्वसाधारण सम्पुर्णमा यस उद्देश्य प्राप्तिका लागि जुटेर सहयोग गर्नुहुनेछ भन्दै सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु।

मोहन विक्रम सिंह
अध्यक्ष